नेपालसरकार

गृहमन्त्रालय

राष्ट्रियविपद् जोखिमन्यूनीकरणतथाव्यवस्थापनप्राधिकरण

SitRep #५५

३१ साउन२०७७

| २०७७ बैशाख १ देखि साउन ३० गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २०० | ७० | १६० | ७ | १२ | ३ | ५१ | ० | १६५ | **२५८** | **८२** | **३२८** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन ३० गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १९८ | ७० | १५९ | ४ | ११ | १ | २१ | ० | ४६ | **२२३** | **८१** | **२०६** |
| **२०७७साउन २९ देखि ३० गतेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ५ | ८ | १३ | ० | ० | ० | ० | ० | ० | **५** | **८** | **१३** |

# दैनिकविपद् बुलेटिन

३०साउन विहान१०:००बजेदेखि३१साउन बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर **६** स्थानमा **पहिरो, २** स्थानमा **आगलागी, १** स्थानमा **अबिरल वर्षा, १** स्थानमा **बाढी, १** स्थानमा **हावाहुरी**का घटना घटेका छन् । यी घटनामा परेर **१३** जनाको **मृत्यु, २७** जना **बेपत्ता, ११** जना **घाईते** भएका छन् । करिव **१३ लाख ७५ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १३ | २७ | ११ | ११ | १३,७५,००० | ० | १८ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **११** वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोक**को जुगल गाउँपालिका वडा नं २ लिदी भन्ने स्थानमा माथिबाट **पहिरो** आई ३७ घर पूर्णरुपमा क्षति, उक्त पहिरोमा परि **११** जनाको **मृत्यु, ५** जना **घाईते**, **२७** जना **बेपत्ता** ।
- **बाग्लुङ्ग**को निसिखोला गाउँपालिका वडा नं ५ कारीगाँउस्थित एक कच्ची घरको माथिबाट **पहिरो** आई घर भत्किन जाँदा सोही घरमा सुतिरहेको **२** जनाको **मृत्यु**, **१** जना **घाईते** ।
- **कालिकोट**को नरहरीनाथ गाउँपालिका वडा नं १ धारीस्थित एक गोठ माथिबाट **पहिरो** आई गोठ पुरिदा **२** जना **घाईते** । कालिका गाउँपालिका वडा नं ५ स्थित एक गोठमा **पहिरो** आई गोठमा रहेका १ वटा गाई, १ वटा गोरु पहिरोले पुरी मृत्यु ।
- **दार्चुला**को नौगाड गाउँपालिका वडा नं ५ भिरस्थित एक घरमा माथिबाट **पहिरो** आउँदा **३** जना **घाईते,** सोही घरमा रहेका ५ वटा बाख्राको मृत्यु ।

## घट्नासारांश...

- **भोजपुर**को अरुण गाउँपालिका वडा नं ३ बल्खुस्थित पानीसँगै आएको **हावाहुरी**ले एक गोठ पुर्णरुपमा लडी गोठ भित्र बाँधेको १ वटा गाई, १ वटा गाईको बाछी, १ वटा राँगा सहित **१ लाख ७५ हजार रुपैंया** बराबरको क्षति ।
- **धनकुटा**को महालक्ष्मी नगरपालिका वडा नं ५ सालघारीस्थित एक घरमा बर्षातको कारण **पहिरो** गई घर पुर्णरुपमा क्षति हुँदा घर भित्र रहेको अन्नपात, जिन्सि सामानहरु र लत्तकपडा सहित गरि **४ लाख रुपैंया** बराबरको क्षति ।
- **गुल्मी**को सत्यवती गाउँपालिका वडा नं ६ डहरे ठाडो खोलास्थित बुटवलबाट सिमेन्ट र हार्डवेयरको सामान लोड गरी बाग्लुङ्को हटिया जान लागेको ट्रक बिग्रिएर राखेकोमा अबिरल बर्षाका कारण राति आएको **बाढी**ले बगाएर लगेको ।
- **सोलुखुम्बु**को नेचासल्यान गाउँपालिका वडा नं ३ जालिम्बु स्थित एक घरमा किचनमा बालेको चुलोबाट आगो सल्कन गई **आगलागी** हुँदा घर, घरभित्र रहेको फर्निचरको औजारहरु, पेट्रोल १५ लिटर, मोबिल १० लिटर, सुन, चाँदि, लत्ताकपडा सहित कागजपत्र समेत पुर्णरुपमा जली **८ लाख रुपैंया** बराबरको क्षति ।
- **रौतहट**को राजदेवी नगरपालिका वडा नं ३ चन्डियास्थितएक गोठमा लामखुट्टे धपाउन बालेको घुरबाट आगो सल्कीन गई **आगलागी** हुदाँ गोठ र गोठ भित्र रहेको १ वटा गाई, ५ वटा बाख्रा, २ वटा खसीको मृत्यु हुँदा **२ लाख ५० हजार रुपैंया** वराबरको क्षति ।
- **सल्यान**को कपुरकोट गाउँपालिका वडा नं ३ खड्ग टोलस्थित एक कच्चि घर **अबिरल वर्षाको** कारण अचानक भत्किन गई अन्नपात, लत्ता, कपडा पुरिन गएको ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरोमा परी घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पठाइएको, सिन्धुपाल्चोकको लिदी लागयतका पहिरोमा परी बेपत्ता भएकाहरुको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## वर्षाको सारांश

साउन ३० गते बिहान ०८:४५ बजे देखि साउन ३१ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/३१ गते बिहान ०८:४५ बजे १८५ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ४४ र स्वचालितः १४१) मा मापन गरिएको वर्षाको विवरण अनुसार १४६ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरुमध्ये सबैभन्दा बढि वर्षा (१४१.१मि. मी.) कास्की जिल्लाको पोखरा एयरपोर्ट केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरुमध्ये ६ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ३१ वटा केन्द्रमा ५०मि. मी. भन्दा बढि, ५० वटा केन्द्रमा २५मि. मी. भन्दा बढि र ८१ वटा केन्द्रमा १०मि. मी. भन्दा बढि वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि <u>www.dhm.gov.np/climate/</u>मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

**श्रावण-३१ (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **आज सप्तकोशीमा बहाब बढ्दो हुने र सतर्कता आसपास पुग्ने, कोशीको मुख्य सहायक नदी तमोरमा बहाब खतरा तह आसपास हुने।नारायणीमा बहाब सतर्कता भन्दा माथि र खतरा आसपास हुने । कर्णाली र यसको सहायक नदीमा बहाब सतर्कता आसपास हुने । महाकालीमा बहाब बढ्दो हुने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने भएता पनि कमला, बागमती, अरूणखोला, रिउखोला, तिनाउ, बाणगंगा, पश्चिम राप्ती, बबईका केही स-साना सहायक नदीमा आकस्मिक बहाब भई सतर्कता तह पुग्न सक्ने।**
- **आजपाँचथर, संखुवासभा, ओखलढुङ्गा, रामेछाप, दोलखा, सिन्धुली, काभ्रेपलान्चोक, काठमाडौं उपत्यका, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, मकवानपुर, चितवन, गोरखा, नवलपरासी, रुपन्देही, कपिलबस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, तनहुँ, लमजुङ, स्याङ्जा, कास्की, पर्वत, बाग्लुङ, रुकुम, रोल्पा, प्युठान, दाङ, बाँके, सुर्खेत, सल्यान, बर्दिया, दैलेख, कालिकोट, डोटी, अछाम, कैलाली, कञ्चनपुर, डडेल्धुरा र आसपास भई बहने स-साना नदीमा बहाव केही बढ्ने र केहीमा आकस्मिक बहाब भई सतर्कता तह पुग्न सक्ने पूर्वानुमान छ।**

**नोट:पहेलो रङलेमध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

**थपजानकारीकालागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः[http://hydrology.gov.np/](http://hydrology.gov.np/)**